अनुसूची- ३

(दफा ६ को उप-दफा १ सँग सम्बन्धित)

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि बिकास निर्देशनालय

## कृषि बिकास कार्यालय,मुगु

## अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशन मितिः२०८१/०८/०९

यस कार्यालयको चालु आ.व.२०८१/०८२ को कर्णाली प्रदेश सामानिकरण कार्यक्रम तर्फको बजेट उप-शिर्षक नं.३१२०१९०३ खर्च शिर्षक नं.२२५२२ अनुसार " स्याउतथा ओखरका बिरुवा बितरण गरी क्षेत्र बिस्तार तथा नमूना बगैंचा स्थापना गरी व्यावसायिक खेतीमाजाने कृषक, कृषक समूह/कृषि सहकारीलाई १०० प्रतिशत, ७० प्रतिशत र ५० प्रतिशत मूल्य अनुदानमा बितरण गर्नु पर्ने भएकोले ईच्छुक आधिकारिक राष्ट्रिय मान्यता प्राप्त बिरुवा आपूर्तिकर्ताहरु तथा नर्सरी धनिहरुले उपलब्ध गराउन सकिने जात अनुसार प्रति बिरुवाको दररेट (प्याकेजीङ्ग तथा ढुवानी सहित) उल्लेख गरी यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८१/०८/२९ गते) (अन्तिम दिन सार्वजनिक बिदा परेमा सो दिन पश्चात लगत्तै कार्यालय खुलेको दिन) दिउसो १२:०० वजे भित्र सूचिकृत भै निम्न उल्लेखित सर्तको पालना गर्ने गरी तपशिल अनुसारका कागजात सहित मूल्य सूची यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

१. संस्था वा फार्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि थान-१

२. स्थायी लेखा नम्वर दर्ता प्रमाण-पत्रको प्रतिलिपि थान-१

३. नागरिकताको प्रतिलिपि थान-१

४. गत आर्थिक बर्षको करचुक्ता गरेको प्रमाणको प्रतिलिपि थान-१

५. खामबन्दी मूल्यसूची पेश गर्न चाहने ईच्छुक बिरुवा आपूर्तिकर्ता, नर्सरी धनिले रु ५०० को नगदी रसिद ।

६. खामबन्दी मूल्यसूचीको मान्य अवधी खामबन्दी मूल्यसूची खोलिएको मिति देखि ६० दिनको हुनेछ ।

७. दाखिला भएका खामबन्दी मूल्यसूची २०८१/०८/३० गते दिनको ०१:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन ) खामबन्दी मूल्यसूची पेश गर्नेवाला वा निजको प्रतिनिधको रोहवरमा वा प्रतिनिधि उपस्थित नभएमा पनि खोलिनेछ ।

८. मूल्यसूचीमा रुट अनुसार(प्रत्येक रुटका लागि) दर अंक र अक्षर दुवैमा लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ । केरमेट भएमा केरमेट भएको ठाउँ खामवन्दी मूल्यसूचीवालाको सहिछाप गरेको हुनु पर्नेछ ।

९. म्याद गुज्रिएपछि प्राप्त हुन आएका र रित नपुगेका खामबन्दी मूल्यसूचीमा कुनै कारबाही गरिने छैन ।

१०. एक फर्म,संस्था वा कम्पनीको नाममा काटिएको नगदी रसिद अर्को फर्म,संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईनेछैन ।

११. बिरुवा उपलब्ध गरिने अवधि भित्र कुनै पनि मूल्य बृद्धि गर्न पाईने छैन ।

१२. खामबन्दी मूल्यसूची स्वीकृत गर्ने,रद्ध गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कृषि बिकास कार्यालय, मुगुमा सुरक्षित रहनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नयाँ संशोधन अनुसार हुनेछ ।

१४. उल्लेखित बिरुवा मिति २०८१ साल माघ मशान्त भित्र कार्यालयमा दाखिला गराउनु पर्नेछ ।

गणेश वहादुर अधिकारी

कृषि अर्थ विज्ञ (प्रथम)

कार्यालय प्रमुख

१५. आधिकारिक रुपमा दर्ता भएका नर्सरीबाट स्वस्थ र गुणस्तरीय बिरुवा खरिद गरिएको हुनु पर्नेछ ।

१६. यस सम्बन्धी अन्य कुरावारे जानकारी लिन परेमा कार्यालयको ल्याण्डलाईन नं.०८७-४६००८६, का.प्र.को मो.नं.९८५८३२२०९६,सूचना अधिकारीको मो नं.९८५८३२२७७८ मा सम्पर्क गर्न वा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१७. बिरुवा कलमी गरिएका ( रेडडेलिसियस,गोल्डेन डेलिसियस जस्ता) बिकासी तथा मुगु जिल्लाको हावापानी सो सरहको लागि सिफारिस जातका १ मि. उचाई भएका, २ बर्ष उमेरका, सिसाकलमको मोटाईको साईज भएका प्रसस्त मात्रामा स्वस्थ जरा भएको, मूल हाँगा सोझो र प्रभावकारी भएको हुनु पर्नेछ ।

१८. एक मुठ्ठामा १० वटा (९:१ पोथि र भाले) बिरुवा चिस्यान सहित स्टयाण्डर प्याकेजिङ्ग गरिएको हुनु पर्नेछ । प्याकेजिङ्ग बिना नाङ्गा जरा भएको बिरुवा बुझाउन पाईने छैन ।

१९. बिरुवा १०% भाले जातको बिरुवा सहित जात अनुसारको प्याकेजिङ्ग गरेको हुनु पर्नेछ ।

गणेश वहादुर अधिकारी
कृषि अर्थ विज्ञ (प्रथम)
कार्यालय प्रमुख